**आकाशवाणी समाचार- नेपाली**

मितिः ०२ फरवरी २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- **राष्ट्रपति द्रौपदी मुर्मू आजदेखि ओडिशा र छत्तीसगढ़को छः दिनको भ्रमणमा रहनु हुनेछ ।यस अवधि उहाँ बालासोर स्थित फकीर मोहन विश्वविद्यालयको दीक्षांत समारोहमा शामेल हुनु हुन**
- **प्रधान मन्त्री नरेन्द्र मोदीले केन्द्रीय बजेटलाई ऐतिहासिक बताउँदै यसलाई देशको सुधारको मार्ग र दीर्घकालीन विकासको उत्प्रेरकको रूपमा वर्णन गर्नुभयो।**
- **श्रम-केंद्रित उद्योगहरुलाई समर्थन दिनको लागि केंद्रीय बजट 2026-27 मा वस्त्र क्षेत्रको लागि एक पांच भाग भएको एकीकृत कार्यक्रम प्रस्तावित गरिएको छ|**
- **युक्रेनको निप्रो शहरमा रुसी ड्रोनद्वारा खदानमा काम गर्ने कामदारहरुको बसमा आक्रमण भएको छ । युक्रेनी अधिकारीहरूले आक्रमणमा कम्तीमा एक दर्जन मानिसहरुको मृत्यु भएको बताएका छन्।**
- **एसियन राइफल र पेस्तोल सुटिङ च्याम्पियनसिप २०२६ आजबाट नयाँ दिल्लीको डा. करणी सिंह सुटिङ रेन्जमा सुरु हुँदैछ ।**

**राष्ट्रपति-भ्रमण**

राष्ट्रपति द्रौपदी मुर्मू आजदेखि ओडिशा र छत्तीसगढ़को छ दिनको भ्रमणमा रहनु हुनेछ ।यस अवधि उहाँ बालासोर स्थित फकीर मोहन विश्वविद्यालयको दीक्षांत समारोहमा शामेल हुनु हुनेछ र यसको नवनिर्मित सभागारको उद्घाटन गर्नुहुनेछ। 4 फरवरीमा , राष्ट्रपतिले रायरांगपुरको महुलडीहा स्थित सरकारी कन्या उच्चतर माध्यमिक विद्यालयमा भंजबीर सुनाराम सोरेनको प्रतिमाको अनावरण गर्नुहुनेछ र छात्राहरुसित बातचीत गर्नुहुनेछ ।उहाँले सरकारी आयुर्वेद मेडिकल कॉलेज र अस्पताल, ओडिशा कृषि र प्रौद्योगिकी विश्वविद्यालय- ओयूएटी परिसर, तीरंदाजी केंद्र, शहरको सौंदर्यीकरण र जल निकसी उन्नयनसित जुडेका विभिन्न परियोजनाहरुको उद्घाटन र शिलान्यास पनि गर्नुहुनेछ।

**प्रधानमंत्री - बजट**

प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ कि केन्द्रीय बजेट मानव केन्द्रित छ र अभूतपूर्व सुधारहरूको साथ भारतको आधारलाई बलियो बनाउँनेछ। यसलाई ऐतिहासिक बताउँदै प्रधान मन्त्रीले यसलाई देशको सुधारको मार्ग र दीर्घकालीन विकासको उत्प्रेरकको रूपमा वर्णन गर्नुभयो। वित्त मन्त्री निर्मला सीतारमणले हिजो संसदमा २०२६-२७ को केन्द्रीय बजेट पेश गरेकी थिइन्। बजेट प्रस्तुत भए पश्च्यात आफ्नो सम्बोधनमा बोल्दै श्री मोदीले भन्नुभयो, बजेट प्रस्तावहरूले अर्थव्यवस्थालाई ऊर्जा प्रदान गर्नेछ, नागरिकहरूलाई सशक्त बनाउनेछ र भारतका युवाहरूलाई नयाँ उचाइहरू प्राप्त गर्ने नयाँ अवसर दिनेछ। सरकारको सुधारको एजेन्डालाई 'सुधार एक्सप्रेस' को संज्ञा दिंदै प्रधान मन्त्रीले भन्नुभयो, भारतले अघि बढिरहेको सुधारहरूले यस बजेटबाट नयाँ ऊर्जा र गति प्राप्त गर्नेछ। उहाँले भन्नुभयो, पथ-प्रदर्शक सुधारहरूले आकांक्षी भारतका साहसी र प्रतिभाशाली युवाहरूलाई उडान भर्न खुला आकाश प्रदान गर्नेछ। वैश्विक मञ्चमा देशको महत्वाकांक्षामाथि प्रकाश पार्दै श्री मोदीले भन्नुभयो, भारतीयहरू आर्थिक रूपमा माथि उठ्न कटिबद्ध छन्। भारतका १४० करोड नागरिकहरू सबैभन्दा द्रुत गतिमा वृद्धि भइरहेको अर्थतन्त्र भएकोमामात्र सन्तुष्ट छैनन् र उनीहरू चाँडै नै विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्न चाहन्छन्। श्री मोदीले

भन्नुभयो, उदयोन्मुख क्षेत्रहरू, पूर्वाधार र पुँजीगत खर्चलाई ठूलो प्रोत्साहन दिइएको छ र बजेटमा समावेश गरिएको नयाँ नीति र व्यावसायिक पहलहरूले युवाहरूलाई सबैभन्दा बढी फाइदा पुर् याउनेछ। उच्च पुँजीगत खर्च र उच्च वृद्धिदरमा जोड दिइने वित्तीय घाटा न्यूनीकरण र मुद्रास्फिति नियन्त्रणमा केन्द्रित यो अनुपम बजेट भएको प्रधानमन्त्रीले बताउनुभयो ।

**सीतारमण-छात्र**

केन्द्रीय वित्त मन्त्री निर्मला सीतारमणले युवाहरू नै भविष्यका नेताहरू हुन् जसलाई देशले हेरिरहेको छ भनि बताउनु भएको छ । केन्द्रीय बजेट प्रस्तुत भएपछि नयाँ दिल्लीमा देशका विभिन्न भागहरूबाट आएका कलेजका विद्यार्थीहरूसँग कुरा गर्नुहुदै मन्त्रीले बजेट र सरकारी कामहरू देशको युवा नेतृत्वका लागि मार्ग प्रशस्त गर्ने कुरा बताउनु भयो । अर्थमन्त्रीले भन्नु भयो कि पृथक मागको व्यवस्थापन एक समस्या हो जुन प्रत्येक वित्तमन्त्रीले सामना गर्नु पर्छ र यसलाई सन्तुलन गर्न धैरै गाह्रो कार्य हो। उहाँले भन्नु भयो ,'अपरेसन सिन्दुरले विगत १० वर्षमा रक्षा खर्चले देशलाई कसरी मद्दत गरेको छ भन्ने देखाएको छ। सीतारमणले जोड दिनु भयो कि देश सुरक्षित हुनुपर्छ, किसानहरूले पर्याप्त उत्पादन गर्नुपर्दछ र उनीहरूको उत्पादन सही मूल्यमा खरिद गरिनु पर्छ।

**बजट - वस्त्र उद्योग प्रतिक्रिया**

श्रम-केंद्रित उद्योगहरुलाई समर्थन दिनको लागि केंद्रीय बजट 2026-27 मा वस्त्र क्षेत्रको लागि एक पांच भाग भएको एकीकृत कार्यक्रम प्रस्तावित गरिएको छ जसमा कौशलको आधुनिकीकरणको लागि राष्ट्रीय फाइबर योजना र 'समर्थ 2.0' शामिल रहेको छ ।

महात्मा गान्धी ग्राम स्वराज पहलले खादी र हथकरघालाई विशेष रूपले बलियो बनाउनेछ। बजेटले साना र मझौला उद्यमहरूका लागि १०,००० करोड रुपियाको एसएमई विकास कोष ल्याएको छ जसले साना व्यवसायहरूलाई 'च्याम्पियन' बन्न मद्दत गर्नेछ । सूरतका वस्त्र उद्योगपति र कन्फेडेरेसन अफ अल इन्डिया ट्रेडर्सका राष्ट्रिय अध्यक्ष चम्पालाल बोथराले बजेटमा वस्त्र क्षेत्रका लागि गरिएको घोषणाको स्वागत गर्नु भएको छ ।

**( बाइट)**

**बिहार विधानसभा बजट सत्र**

बिहार विधानसभा र विधान परिषदको बजट सत्र भोली देखि राज्यपालको अभिभाषणको साथ शुरू हुनेछ । यो सत्र 27 फरवरीसम्म चल्नेछ। राज्यपालको अभिभाषणको तुरंतै पछि सरकारले सदनमा आर्थिक सर्वेक्षण पेश गर्नेछन् ।त्यसको भोलीको दिन राज्यपालको अभिभाषणमाथि चर्चा हुनेछ । वित्त मंत्री बिजेंद्र प्रसाद यादवले मंगलवार सदनमा वित्त वर्ष 2026-27 को बजट प्रस्तुत गर्नु हुनेछ । विधानसभा चुनाव 2025 पछि नीतीश कुमारको नेतृत्वमा बनेको नयाँ सरकारको यो पहिलो पूर्ण बजट हुनेछ । बजटमा बुनियादी ढांचाको विकास, शिक्षा र स्वास्थ्य सेवाहरुमा सुधार, रोजगार सृजना र ग्रामीण अर्थव्यवस्थालाई बलियो गर्नमा खास प्राथमिकता दिने आशा गरिएको छ ।

**J&K बजट सेशन**

जम्मू–कश्मीर विधानसभाको बजेट सत्र भोलिदेखि सुरु हुँदैछ । बिहान १० बजे लेफ्टिनेन्ट गभर्नर मनोज सिन्हाले विधानसभाका सदस्यहरूलाई सम्बोधन गरेर सत्र सुरु गर्नुहुनेछ । त्यसपछि जम्मू–कश्मीर विधानसभाका अध्यक्ष अब्दुल रहिम राथरले लेफ्टिनेन्ट गभर्नरको सम्बोधनको प्रति सदनको टेबलमा राख्नुहुनेछ । मुख्यमन्त्री उमर अब्दुल्लाको नेतृत्वमा रहेको केन्द्र शासित प्रदेश सरकारको यो दोस्रो बजेट अधिवेशन हुनेछ। मुख्यमन्त्री उमर अब्दुल्लाहले केन्द्र शासित प्रदेश जम्मू–कश्मीरका लागि सन् २०२६–२७ को दोस्रो बजेट 6 फेब्रुअरी २०२६ मा प्रस्तुत गर्ने भएका छन् । सत्र 4 अप्रिल , २०२६ मा समाप्त हुनेछ। पहिलो पटक, ६२ दिनको बजेट सत्रमा रमजानको पवित्र महिना र त्यसपछि ईदको चाडका कारण 20 फेब्रुअरी देखि 26 मार्च , २०२६ सम्म ३५ दिनको लामो ब्रेक हुनेछ। जम्मू-कश्मीर विधान सभा सचिवालयले जारी गरेको प्रोविजनल क्यालेन्डर अनुसार केन्द्र शासित प्रदेश जम्मू-कश्मीरको विधानसभाको पाँचौं सत्रमा कुल २२ बैठक हुनेछ।

**रूस-ड्रोन स्ट्राइक**

युक्रेनको निप्रो शहरमा रुसी ड्रोनले खदानमा काम गर्नका लागि गईरहेको कामदारहरुको बसमा आक्रमण गरेको छ । युक्रेनी अधिकारीहरूले आक्रमणमा कम्तीमा एक दर्जन मानिसहरुको मृत्यु भएको बताएका छन्। राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुस र युक्रेनी प्रतिनिधिमण्डलबीच बुधबार र बिहीबार अर्को चरणको शान्ति वार्ता हुने घोषणा गरेको केही घण्टापछि यो आक्रमण भएको हो।यस  हमलामा कयौ मानिस पनि घाइते भएका छन्। अमेरिका का  राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनका जनताको लागि अत्यधिक चिसो भएकाले क्रेमलिनले युक्रेनको राजधानी र अन्य शहरहरूलाई लक्षित गर्ने कार्य अस्थायी रूपमा रोक्न सहमत भएको बताएको केही दिनपछि यो आक्रमण भएको हो | युक्रेनका ऊर्जा मन्त्री डेनिस श्मायलले निप्रोमा भएको आक्रमणलाई ऊर्जा क्षेत्रका कामदारहरूमाथि मनगढन्ते र लक्षित आक्रमणको रूपमा वर्णन गर्नु भएको छ भने यो हमला शहरको पूर्वमा तेर्निभ्स्काया खानी नजिकै भएको थियो।

**शूटिंग चैंपियनशिप**

एसियन राइफल र पेस्तोल सुटिङ च्याम्पियनसिप २०२६ आजबाट नयाँ दिल्लीको डा. करणी सिंह सुटिङ रेन्जमा सुरु हुँदैछ । दुई सातासम्म चल्ने रोमाञ्चक प्रतियोगितामा एशियाका शीर्ष खेलाडीले सहभागिता जनाउनेछन् । खेलाडीले पुरुष, महिला, जुनियर र युवावर्गमा १० मिटर, २५ मिटर र ५० मिटर राइफल तथा पेस्तोल स्पर्धाहरुमा जीतको निम्ति प्रतिस्पर्धा गर्नेछन् । यी स्पर्धाहरुमा व्यक्तिगत, टीम र मिश्रित टीम शामिल हुनेछन अनि खिलाडीहरुले निशानेबाजीको प्रतिभाको पूरा श्रृंखलालाई प्रदर्शित गर्नेछन। प्रतियोगितामा १७ देशका खेलाडीहरुको सहभागिता रहनेछ ।